NPW

"जलविद्युत, पर्यटन र कृषि नौमुलेका
तीन आधार, स्थानीय समृद्धिको पहरेदार"

नौमूले गाउँपालिकाको पहिलो पत्रिका

# नौमूलेपोष्ट

NAUMOOLEPOST WEEKLY साप्ताहिक

सडक छेउ तथा किनारामा निर्माण सामाग्री नराखौँ । घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण गरौँ । गाउँपालिकाको विकासमा सवैले हातेमालो गरौँ । सडक तथा पेटीमा आवागमनमा अवरोध हुनेगरी सामाग्री नराखौँ ।

**नौमूले गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नौमूले, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

● वर्ष ८ अंक ०८ ● २०८२ असार ०२ गते सोमवार Mon 16 June 2025 ● पृष्ठ ४, मुल्य रु. १० रुपैयाँ ।

# बसन्त माध्यामिक विद्यालयमा छात्रवृति वितरण

**नौमूलेपोष्ट समाचारदाता**
**दैलेख**




दैलेखको नारायण नगरपालिका ७ मा रहेको बसन्त माध्यमिक विद्यालयमा अक्षयकोषको छात्रवृति वितरण तथा सालिक अनावरण गरिएको छ । विद्यालयमा अध्ययनरत मेधावी विद्यार्थीहरुलाई तपेन्द्र रावल स्मृति अक्षयकोषबाट १० जना विद्यार्थीलाई एक/एक हजार रूपैयाँ छात्रवृति प्रदान गरिएको छ । त्यसैगरी, स्वर्गीय सह सेनानी तपेन्द्र रावलको शालिक अनावरण गरिएको छ।

विद्यालयका प्रधानाध्यापक धर्मराज खड्काले विद्यालयमा कक्षा १ देखी १० सम्मका कक्षा प्रमथ हुने विद्यार्थीलाई छात्रवृति वितरण गरिएको जानकारी दिए। छात्रवृति वितरण तथा सालिक अनावरण कार्यक्रममा प्रमुख अतिथि नारायण नगरपालिका दैलेखका नगरप्रमुख लोमन शर्माले शिक्षाको गुणस्तर सुधार गर्न आवश्यकता रहेको भन्दै अनुसाशित, मिहेनती र लगशिल भएर पढ्न विद्यार्थीलाई अनुरोध गर्दै नगरपालिकामा शिक्षा मुहार फेरीने गरी अध्यापन गराउन शिक्षकहरूलाई निर्देशन दिए ।

छात्रवृति वितरण तथा सालिक अनावरण कार्यक्रममा शैक्षिक सत्र २०८१ मा कक्षा १ प्रथम छात्रा दिपिका रावत, कक्षा २ प्रथम छात्रा सोनिका शाही, कक्षा ३ प्रथम छात्रा गरिमा मर्स्याङ्गी, कक्षा ४ प्रथम छात्रा खुशी मल्ल, कक्षा ५ प्रथम छात्रा दिलमाया गिरी, कक्षा ६ प्रथम छात्रा आरति खनाल, कक्षा ७ प्रथम छात्र हितेस कोइराला, कक्षा ८ प्रथम छात्र सुरत कुँवर क्षेत्री, कक्षा ९ प्रथम छात्राहरू दीक्षा खनाल र अस्मिता रावत र एसइइ परिक्षामा विद्यालयबाट सबैभन्दा वढि अंक ल्याएर प्रथम हुने छात्रा पार्बती खड्कालाई नगद एक/एक हजार छात्रवृति प्रदान गरिएको थियो ।

२०७२ साल बैशाख १२ गते गएको भुकम्प र बैशाख २९ गते दोस्रो पटक गएको भुकम्पपछि खोज तथा उद्धारका क्रममा नारायण नगरपालिका ८ सिमाडाका क्याप्टेन स्वर्गीय तपेन्द्र रावलको सिन्धुपाल्चोकमा भएको हेलिकप्टर दुर्घटनामा परी निधन भएको थियो । स्वर्गीय रावलको सम्झनामा परिवारले रावल पढेको बसन्त माध्यामिक विद्यालय किमुगाउँमा अक्षयकोष स्थापना गरी प्रत्येक वर्ष जेहेन्दार विद्यार्थीलाई छात्रवृति वितरण गर्दै आएका छन् ।

साथै विद्यालयको हाताभित्र स्वर्गी रावलको शालिक समेत निर्माण गरिएको छ । स्वर्गीय रावलको मृत्यु पछि नेपाली सेनाले रावललाई मरणोपरान्त सह सेनानीको दर्जा प्रदान गरेको थियो । सह सेनानी रावलको शालिक अनावरण गर्दै नारायण नगरपालिकाका नगरप्रमुख लोमन शर्माले रावलको योगदान देशले कहिल्यै विर्सन नसक्ने बताए । नगरप्रमुख शर्माले स्वर्गीय रावल प्रति श्रदान्जली अर्पण गर्दै परिवारजनमा गहिरो समवेदना व्यक्त गरे । कार्यक्रममा स्वर्गीय रावलका वुवा वलवहादुर रावलले सम्पुर्णलाई धन्यवाद दिए ।

यस्तै स्वर्गीय रावलको शालिक निर्माण गर्ने नेपाली सेनाका राजु रावतलाई रावलका परिवारले १० हजार पुरस्कार स्वरूप प्रदान गरेको छ भने अर्का शालिक निर्माणकर्ता कृष्ण बहादुर रावतलाई फुलमाला र खादाले सम्मान गरेका थिए ।

बाँकि ३ पेजमा

# नारायण पूर्णखोप सुनिश्चित घोषणा



**नौमूलेपोष्ट समाचारदाता**
**दैलेख**

दैलेखको नारायण नगरपालिका पूर्ण खोप सुनिश्चिता नगरपालिका घोषणा गरिएको छ। एक कार्यक्रम बिच स्थानीय स्वामित्व र सहभागितामा पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ नगरपालिकाले घोषणा गरेको हो।

नारायणका ११ वटै वडाका खोप लगाउने उमेर समूहका बालबालिकाले खोप लगाएको सुनिश्चिता भएपछि पूर्ण खोपयुक्त सुनिश्चिता नगरपालिका घोषणा गरिएको नारायण नगरपालिका स्वास्थ्य शाखा प्रमुख लाल बहादुर खड्काले जानकारी दिए।

२३ महिना मुनिका बालबालिकालाई खोप लगाउने लक्ष्य रहेको उनले बताए । उनले १६ महिनादेखि २३ महिनासम्मका सबै बालबालिकाले लगाएको खोप सुनिश्चिता भएपछि पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गरिएको हो ।

नारायण नगरपालिका पूर्ण खोप सुनिश्चित घोषणाले कार्यक्रमले दिगो विकास लक्ष्य हासिल गर्न महत्वपुर्ण भूमिका खेल्ने स्वास्थ्य सेबा कार्यालयका खोप अधिकृत थिरप्रसाद रेग्मीले बताए।

सबै वडामा रहेका बालबालिकाहरूको खोजी गरी खोपको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाई समेत खोपको पहुँचमा ल्याउनुपर्ने नारायण नगरपालिकाका नगर प्रमुख लोमन शर्माले जानकारी दिए।

उनले पूर्ण खोप युक्त नगरपालिका घोषणा गर्न स्वास्थ्यकर्मीको महत्वपूर्ण भूमिका रहेको बताए । नगरपालिकाले सबै बालबालिकाले पूर्ण खोप पाएकोले सुनिश्चिता सहित ११ वटै लाईलाई पूर्ण खोपको दिगोपना कायम राख्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

तपाई हाम्रै नौमूले वजारमा विगत लामो समय देखि सेवा दिदै आइरहेको एक मात्र सुनचाँदी पसल

**रमेश सुनचाँदी पसल नौमूले वजार दैलेख**



हाम्रा सेवाहरु :
- नं. १ सुनवाट आधुनिक तथा पुराना डिजाइनका गरगहनाहरू विना रसायन तयार गरिन्छ ।
- हाम्रो पसलमा रेडिमेट गहनाहरू पाउनुका साथै ग्राहकको अर्डर बमोजिमका गहना तयार गरिन्छ ।
- हामीकहाँ बनाइएका गहनाहरू ग्राहकको आवश्यकता अनुसार सोही सामान राखी नगद सहयोग गरिन्छ ।



**बविता कस्मेटिक पसल**

हामीकहाँ : स्वदेसी तथा विदेसी ब्राण्डका कस्मेटिकका सम्पूर्ण सामान पाउनुका साथै थोक तथा फुटकर विक्रि वितरण गरिन्छ ।

प्रो० सम्झना गहतराज ९८०२५४५८८०

**प्रभु मनी ट्रान्सफर**
प्रभु मनी ट्रान्सफर
PRABHU Money Transfer

छिटो छरितो र विश्वसनीय रूपमा विश्वको जुनसुकै देशवाट पैसा पठाउन र पाउनको लागि नौमूले बजारमा रहेको एक पटक सम्झनै पर्ने नाम **'प्रभुमनी ट्रान्सफर'।**

प्रो० रमेश गहतराज ९८१५५७०६००

पुलचोक नजिक मेनरोड, नौमूले वजार दैलेख




कर्णाली प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत

सम्पादकीय...........................

# मूर्खतापूर्ण अपराध हो

नेपाली समाजले व्यक्तिको जीवनमा राज्यको हस्तक्षेपलाई खासै महत्व दिएको देखिँदैन । सामन्ती संस्कार बलियो भएको समाजमा वैयक्तिक स्वतन्त्रतालाई महत्वपूर्ण नठान्नु अस्वाभाविक पनि होइन । यसैले केही समय यता मोबाइलमा दिनहुँ झकी लाग्ने 'रिङ्ब्याकटोन' सुन्न उपभोक्तालाई बाध्य बनाउने अभ्यास बढेको हुनुपर्छ । उपभोक्ताले गुनासो गरे पनि यसरी बज्ने कथित 'जनचेतनामूलक' सन्देश बजाउन रोकिएको छैन । यसका अभियन्ताहरुलाई लाग्दो हो सबैको हित हुने सन्देश सुन्न झकी वा दिक्क मान्न पाइँदैन । उनीहरुलाई लागेको होला यस्ता सन्देश सुनाएपछि नेपाली उपभोक्ताले खुरूक्क नागरिक कर्तव्य अनुरुप त्यसको पालना गर्नेछन् । किन्तु, त्यसो अनिवार्य सन्देश दोहोरिन थालेपछि सुन्ने व्यक्ति दिक्क हुन्छ । कतिपयले त त्यस्तो सन्देश आउन थालेपछि फोनबाटै कान हटाउँछन् । यसरी दिक्क भएका मोबाइल फोनका प्रयोगकर्ताले यदाकदा सामाजिक सञ्जाल मार्फत् सार्वजनिक रुपमै आक्रोश व्यक्त गर्ने गरेको पाइन्छ । कतिपयले टेलिफोन सेवा प्रदायक र नियामक निकायका अधिकारी समक्ष गुनासो पनि गरेका हुन्छन् ।

यस्तो ज्यादती रोक्ने विषयमा कानुनै नभएको पनि होइन । विज्ञापन सम्बन्धी कानुनमा सम्बन्धित व्यक्तिको मञ्जुरीविना कसैको इमेल वा मोबाइलमा इमेल वा एसएमएसबाट विज्ञापनमूलक सन्देश वा इमेल पठाउन नपाइने प्रावधान प्रावधान छ । तर, त्यही कानुनमा सरकारले राष्ट्रिय दिवस लगायत विपत्, महामारी वा राष्ट्रिय सुरक्षासँग सम्बन्धित पूर्वसूचना वा जानकारीमूलक सामग्री बजाउन अनुमति दिने प्रावधान पनि छ । कानुनको यही प्रतिबन्धात्मक वाक्यांशमा टेकेर सरकारले झर्कालाग्दा रिङ्ब्याकटोन सुनाउने अनुमति दिइआएको छ । यस्तो सन्देश प्रायोजकहरुलाई त टेलिफोन प्रयोगकर्तालाई सुनाइएका यस्ता सन्देशहरु आकर्षक र प्रभावकारी हुन्छन् भन्ने लाग्दो हो । तर यसरी जबर्जस्ती सुनाइने सन्देशहरुको प्रभाव नकारात्मक हुनेगर्छ ।

यसरी व्यक्तिको स्वतन्त्रतामा अतिक्रमण गर्नु सरकारदेखि सम्बन्धित सेवाप्रदायक कम्पनी सम्मको ज्यादती हो । विपद् वा राष्ट्रिय सुरक्षा जोखिमका अवस्थामा बाहेक व्यक्तिको स्वतन्त्रतामा अतिक्रमण गर्नु असंवैधानिक पनि हुन्छ । अर्कातिर, यसरी इच्छा विपरीत सुनाइने सन्देश व्यक्तिमा त्यो विषयप्रति नै वितृष्णा उत्पन्न हुनसक्छ । वैयक्तिक स्वतन्त्रतामा अतिक्रमण हुने तर त्यसबाट वाञ्छित होइन प्रतिकूल प्रभाव पर्ने प्रकृतिका सन्देशहरु सुनाउनु यथार्थमा नागरिक विरूद्ध संस्थागत तबरमा गरिएको मूर्खतापूर्ण अपराध हो । यसैले सरकारले यसमा जनगुनासो अनुरुप पुर्नविचार गरोस् । जनसमक्ष सम्प्रेषण गर्नैपर्ने बाहेक अरु कुनै पनि विज्ञापन बजाएर प्रयोगकर्तालाई मानसिक प्रताडना दिन तत्काल रोक लगाओस् । यसमा सेवा प्रदायक कम्पनीले पनि आफ्ना ग्राहकहरुको अधिकारको सम्मान गर्नुपर्छ र सरकार वा कुनै निकायले गरेको अनुरोधको अवज्ञा गर्नुपर्छ ।

# साताको राशिफल

**मेष** : साताको प्रारम्भमा स्वास्थ्यमा सुधार हुनेछ । कानुनी समस्याहरु लम्बिनेछ । साताको मध्यमा धर्मकर्ममा रूचि बढ्नेछ । पितासँगको सम्बन्ध प्रगाढ हुनेछ । यो साताको शुभ रंग रातो र निलो हो भने शुभ अंक ३ र ७ रहेको छ ।

**वृष** : साताको प्रारम्भमा वैदेशिक रोजगारमा सफलता मिल्नेछ । विद्यार्थी वर्गहरुलाई शिक्षामा परिश्रमको उचित परिणाम नमिल्नाले मन निराश रहनेछ । यो साताको शुभ रंग सेतो र गुलाबी हो भने शुभ अंक २ र ३ रहेको छ ।

**मिथुन** : साताको प्रारम्भमा साझेदारी व्यापारबाट लाभ आर्जन गर्न सकिनेछ । आय आर्जनका स्रोतहरू बढ्नेछन् । साताको अन्तिममा शेयर बजारबाट मनग्य लाभ मिल्ला । यो साताको शुभ रंग सेतो र हरियो हो भने शुभ अंक ३ र ९ रहेको छ ।

**कर्कट** : साताको प्रारम्भमा सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ । आर्थिक पक्ष सबल रहनुको साथै भावनात्मक सम्बन्धमा सुधार आउनेछ । यो साताको शुभ रंग सेतो र खैरो हो भने शुभ अंक ३ र ८ रहेको छ ।

**सिंह** : साताको प्रारम्भमा पारिवारिक चिन्ताले मन अशान्त रहनेछ । आकस्मिक हानि हुने सम्भावना रहेको छ । पुरानो कार्यको प्रशंसा हुनेछ । यो साताको शुभ रंग सुन्तला र सेतो हो भने शुभ अंक १ र ५ रहेको छ ।

**कन्या** : साताको प्रारम्भमा धैर्य र पराक्रममा वृद्धि हुनेछ । कार्यक्षेत्रमा कार्य समयमा सम्पादन हुनाले नयाँ कार्य प्रारम्भ गर्न सक्नु हुनेछ । यो साताको शुभ रंग गुलाबी र हरियो हो भने शुभ अंक २ र ६ रहेको छ ।

**तुला** : साताको प्रारम्भमा साहसिक कार्य गर्ने समय रहेको छ । अधिकारी वर्गहरुबाट प्रशंसा पाइनेछ । साताको अन्तिममा अरूलाई प्रभावित पारेर कार्य बनाउन सक्नु हुनेछ । यो साताको शुभ रंग सेतो र गुलाबी हो भने शुभ अंक २ र ७ रहेको छ ।

**वृश्चिक** : साताको प्रारम्भमा उद्योग व्यापारबाट धन लाभ हुनेछ । प्रशासनिक वा राजकीय मामिलाहरु सुल्झिनेछन् । धार्मिक यात्राको रुपरेखा कोरिन सक्छ । यो साताको शुभ रंग सिन्दुरी र बैजनी हो भने शुभ अंक ७ र ९ रहेको छ ।

**धनु** : साताको प्रारम्भमा सामाजिक प्रतिष्ठा बढ्नेछ । आर्थिक पक्ष सबल रहनेछ ।साताको अन्तिममा सकारात्मक सोचले काम गर्नुहोस् उत्साह बढ्नेछ । यो साताको शुभ रंग पहेलो र खैरो हो भने शुभ अंक ६ र ९ रहेको छ ।

**मकर** : साताको प्रारम्भमा वैदेशिक रोजगारका नयाँ अवसरहरु मिल्नेछन् । स्वास्थलाई लिएर सचेत रहनुहोला । सवारी साधनमा धन खर्च हुनेछ । यो साताको शुभ रंग खैरो र सुन्तला हो भने शुभ अंक ३ र ६ रहेको छ ।

**कुम्भ** : साताको प्रारम्भमा व्यापार व्यवसायमा लाभ मिल्नेछ । चिकित्सा वा कृषिको क्षेत्रबाट मनग्य लाभ आर्जन गर्न सकिनेछ । भौतिक संसाधन जुटाउन सक्नुहुनेछ । यो साताको शुभ रंग केशरी र निलो हो भने शुभ अंक ४ र ७ रहेको छ ।

**मीन** : साताको प्रारम्भमा राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ । कार्यक्षेत्रमा पदोन्नतिको योग छ । साताको मध्यमा पिताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ । यो साताको शुभ रंग पहेलो र निलो हो भने शुभ अंक ६ र ९ रहेको छ ।

# राज्यसत्ताको अलपत्र गाडा



राजाराम गौतम. . .

रसिया–युक्रेन युद्ध र प्यालेस्टाइनी नरसंहारपछि अब इरान–इजरायल भिडन्त सुरू भएको छ । विश्व भूराजनीति युद्धबाट आक्रान्त भइरहँदा त्यसबाट परको नेपाल भने आफ्नै घरेलु किचलो, द्वन्द्व र स्वार्थहरुको रणमैदान बनेको छ । सरकार, संसद्, न्यायालय, मिडिया, राजनीतिक दल, नागरिक समाज लगायत राज्यका जति पनि अवयवहरु छन्, तिनको भूमिका प्रश्नको घेरामा छ । यी राजनीतिक संस्था र शक्तिहरुका पैरवी आ–आफ्नै आग्रह र अभीष्ट अभिप्रेरित छन् । जनताका मुद्दा कहींकतै विलुप्त हुँदै गएका छन् । भन्नलाई सबैले जनताकै दुहाइ दिन्छन् यद्यपि अन्तर्यमा व्यक्ति, गुट वा दलीय स्वार्थ मात्रै हाबी छन् । जसले गर्दा नेपाली समाज निराशा र अविश्वासको डरलाग्दो व्यूहमा फस्दै गएको छ । अनि, भावी गन्तव्य थप अन्योल ग्रस्त बनेको छ । यो पृष्ठभूमिमा नेपाली राज्यसत्ताको समसामयिक भूमिकामा वस्तुनिष्ठ समीक्षा सान्दर्भिक भएको छ ।

### स्वेच्छाचारी सरकार

सरकार आमनागरिकको अभिभावक हो । तर, कांग्रेस–एमालेको 'शक्तिशाली' गठबन्धन सरकारले जनतालाई अभिभावकत्वको अनुभूति दिन सकेन । बरू, उल्टै कतिबेला कसलाई झूटा मुद्दा लगाएर फसाइदिने हो भन्ने त्रास नागरिक वृत्तमा बढेको छ । प्रधानमन्त्रीरमन्त्रीहरु दम्भ र अहंकारको रथमा सवार छन् । कानुनी छिद्रहरु खोज्दै आलोचना गर्नेलाई 'तह लगाउन' ती लागिपरेका छन् । एउटा सामान्य कर्मचारीसँग पौठेजोरी खेल्दै निजलाई हटाएकोमा उपलब्धि ठान्ने चरित्र अरु त अरु, प्रधानमन्त्री तहसम्मै हाबी छ । लोकतन्त्रको आवरण र संसद्को गणितको आडमा अडेको गठबन्धन सरकार स्वेच्छाचारी बाटोमा अग्रसर छ ।

यो गठबन्धन सरकार बनेको एक वर्ष पुग्नै लाग्यो । यसै महिनाको अन्तिममा सरकारले वर्षगाँठ मनाउनेछ । अर्थात्, लगातार एक वर्ष सरकार टिकेकोमा सायद कांग्रेस–एमालेका नेताहरुले 'राजनीतिक स्थिरता' भएको भन्दै उपलब्धिका डिङ हाँक्न पनि सक्लान् । तर, यथार्थमा यो सरकारले 'असफल हुने छुट' लिइसक्यो । 'असफल हुने छुट' छैन भन्दै संविधान संशोधन लगायत सातबुँदे सहमतिको बर्को पहिरिएर यो गठबन्धन बनेको थियो । अब त्यो बकीमा भ्वाङ परिसकेको छ ।

सामान्यतया गठबन्धन संस्कृतिमा संसद्को पहिलो वा दोस्रो ठूलो दलमध्ये एउटा सत्तापक्ष र अर्को प्रतिपक्षमा बस्ने प्रचलन हुन्छ । दुई ठूला दल मिल्दा सरकार सर्वसत्तावाद उन्मुख र प्रतिपक्षी राजनीति कमजोर हुन सक्छ भन्ने भयका कारण यस्तो संसदीय प्रचलन चलेको विश्वास गरिन्छ । तर, कांग्रेस–एमालेका नेताहरुले यो गठबन्धनलाई विशेष परिस्थितिको उपज भने । संविधान संशोधन मार्फत उठेको असन्तुष्टिहरुको सम्बोधन गर्ने, राजनीतिक अस्थिरता र अन्योलको वातावरण हटाई सुशासन कायम गर्ने, आर्थिक अवस्थामा सुधार ल्याउने आदि, इत्यादि थुप्रै वाचा गरे ।

यद्यपि, सरकार वाचातिर होइन, स्वेच्छाचारिकता र सर्वसत्तावादतर्फ उन्मुख छ । भिजिट भिसाका नाममा 'मान्छेहरु बेच्ने' क्रम रोकिएको छैन । शिथिल अर्थतन्त्र उकास्ने वाचा गरेकै बेला मुलुक 'ग्रे' लिस्टमा परेको छ । एक जना गभर्नरको नियुक्तिमा भएको प्रहसन जनताले बिर्सिसकेका छैनन् । शक्तिशाली सम्पत्रि् आयोग गठनको मुद्दा ओलीले आफ्नै नेतृत्वमा उच्चस्तरीय सुशासन आयोग बनाएर कसरी 'डिफ्युज' गरिदिए, त्यो पनि जन–जनलाई थाहा छ । सहकारीपीडितलाई राहत दिन नसके पनि राजनीतिक प्रतिशोध साँध्न सरकार 'सफल' भएकै छ । सत्ताको सिंहासनमा बसेर आरजु राणाहरु 'न्याय' खोज्दै छन् । र, शक्तिको दुरूपयोग गर्दै 'न्याय' दिन सरकार कटिबद्ध भएर लागेको छ ।

### दलीय अभीष्टको बन्धक संसद्

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा मागेर केही सातायता अवरूद्ध सदन आंशिक खुल्यो । सदन चल्न नदिएर अवरूद्ध गर्दै आएका प्रतिपक्षी दलमध्ये माओवादी राजीनामाको मागबाट पछि हटेपछि सरकारले जबर्जस्ती सदन खुलायो र गृहमन्त्री लेखकले रास्वपा र राप्रपाका सांसदहरुको विरोधका बाबजुद रोस्ट्रममा उभिएर आफ्ना कुरा राखे । र, राजीनामा नदिने चेतावनीसहितको अडान राखे । तर, रास्वपा र राप्रपाले राजीनामाको 'बटमलाइन'बाट पछि नहट्ने बताइरहेको छ । अर्थात् अवरूद्ध सदन पूर्ण सुचारू हुन सकेको छैन ।

संसद् रचनात्मक बहस र छलफलको थलो हो कि मुठभेडको ? यो प्रकरणले एकचोटि फेरि यसको भूमिकालाई लिएर प्रश्न उठेको छ । र, यो आज संसद् अवरूद्ध गर्ने राजनीतिक दलका लागि मात्रै होइन, सबैसामु उठेको प्रश्न हो । त्यो किनभने, दलहरुको दोहोरो मापदण्डका कारण निर्वाचित जनप्रतिनिधिहरुको सर्वोच्च संस्था संसद् निष्प्रभावी हुँदै गएको छ । जस्तो कि, गृहमन्त्री लेखक प्रतिपक्षी बेञ्चमा बस्दा तत्कालीन गृहमन्त्रीलाई नैतिकताको पाठ सिकाइरहेका हुन्थे । आज उनीमाथि उस्तै प्रकृतिको प्रश्न उठ्दा उनको त्यो नैतिकता कहाँ विलुप्त भयो ?

अर्कोतर्फ स्वर्णिम वाग्ले छन्, उनी आफ्ना अध्यक्ष एवं तत्कालीन गृहमन्त्री रवि लामिछानेको राजीनामाको माग प्रतिपक्षी दलले राख्दा संसद्को असली पहरेदार भएर रोस्ट्रममा खडा थिए । उनी संवाद र रचनात्मक संसदीय अभ्यासको वकालत गर्थे । त्यही संसद्मा आज उनी अवरूद्धकर्ता बनेका छन् । सारमा, सत्तासीन वा प्रतिपक्षी दुवै थरी राजनीतिक दलको दोहोरो मापदण्डका कारण संसद् प्रभावहीन बन्दै छ । सरकारलाई जनउत्तरदायी बनाउने सन्दर्भमा होस् वा कानुन निर्माणमा यसको भूमिकामाथि प्रश्न उठेको छ ।

### अदालत राजनीतिको प्रतिछाया

राज्यका दुई अंग कार्यपालिका र व्यवस्थापिकामाथि मात्रै प्रश्न उठेको छैन । न्यायको अन्तिम आश्रय स्थल अदालत स्वयं प्रश्नको कठघरामा छ । राजनीतिले लिक छोड्दा विगतका कतिपय सन्दर्भमा अदालतले राजनीतिलाई सही लिकमा फर्काइदिएको नजिर छन् । राजनीतिले बाटो बिराउँदा संकटको निकास न्यायालय बन्ने परिस्थिति विगतमा बन्यो । राजनीतिक दलका आन्तरिक मामिलाहरु पनि न्यायिक निरुपणका विषय बने । संवैधानिक निरुपणको दायित्वबाट उक्लेर न्यायालयले राजनीतिक निरुपण समेत गऱ्यो । तर, यी न्यायिक र राजनीतिक निरुपणमा उसले खेलेका भूमिका कति निष्पक्ष रहे, कति प्रभावका उपज हुन् ? बेलाबखत प्रश्न उठिराख्छ ।

यी प्रश्न ती बेला उठ्छ, जब न्यायाधीश नियुक्तिका नाममा भागबन्डा चल्छ । जब न्याय क्षेत्रबाटै कुशासन भइरहेको स्वीकारोक्ति हुन्छ, न्यायालय भ्रष्टाचारको अखडा बन्दै गएको रिपोर्टहरु सार्वजनिक हुन्छन्, अनि जब–जब इँटाभट्टामा जिउँदै पोलिएका पीडित परिवारजनको न्याय खोसिन्छ, तब–तब न्यायिक भूमिका र विश्वसनीयता प्रश्नभन्दा माथि कानुनी शासनको मजाकको विषय बनिदिन्छ । अहिले न्यायालयप्रति नागरिक वृत्तमा यस्तै सोचले घर गरिराखेको छ ।

### मिडियामा विश्वासको संकट

मिडियाको मुख्य धर्म हो, सत्यतथ्य सूचना सम्प्रेषण गर्नु । तर मिडियाले कतै 'मिस इन्फर्म' त गर्दै छैनन् ? अचेल आशंकासहित मिडियामाथि यस्तो प्रश्न उठ्छ । परम्परागत मिडियाको ठाउँ बिस्तारै न्यु मिडियाले लिँदै छ । न्यु मिडिया सम्बन्धी न्युटपोर्टल, पोडकास्ट आदि अनेक प्लेटफर्महरुको बाढी नै आएको छ । मिडिया कन्टेन्टमा गुणस्तर र व्यावसायिकताभन्दा बढी 'टीआरपी' बटुल्ने दौड छ । अपारदर्शी लगानी, बार्गेनिङ औजारमा परिणत हुँदै गरेका च्याउझैं उम्रिएका मिडियाहरु 'बिचौलिया उत्पादन केन्द्र' झैं बनेका छन् । दलका मिडिया, नेताका मिडिया, व्यापारीका मिडिया अनेक रुप–रङका मिडिया मध्ये कसले दिने खबर साँचो र कसले दिने झूटो, खुट्याउन नसकेर पाठकरदर्शक रनभुल्लमा छन् ।

अर्थात् राज्यको चौथो अंग मिडिया क्षेत्रले यसअघि कहिल्यै नबेहोरेको विश्वासको संकटको सामना गरिरहेको छ । सँगै वित्तीय संकट त छँदै छ । त्यसो त मिडियाको वित्त बजार र विश्वासको दायरा सीमित हुँदै जानु विश्वव्यापी 'फेनोमेना' हो । यद्यपि, हाम्रो जस्तो लोकतन्त्र अझै संक्रमणमा रहेको समाजमा मिडियाको विश्वसनीयता साँघुरिनु चिन्ताको विषय हो । २०४६ सालपछि विस्तारित नेपाली मिडियाले 'पब्लिक स्फेयर' फराकिलो पार्दै ल्याएको छ र त्यो 'पब्लिक स्फेयर' साँघुरिनु लोकतान्त्रिक पद्धतिका लागि सुखद पक्ष होइन ।

### दलभित्र नेतातन्त्र

राजनीतिक दलहरु बहुदलीय लोकतन्त्रका मुख्य आधार स्तम्भ हुन् । लोकतान्त्रिक संस्कृति हुर्किनका लागि दलहरुको व्यवहार र कार्यशैली तदनु रुपकै लोकतान्त्रिक हुनुपर्छ । तर, लोकतान्त्रिक आन्दोलनको विरासतमा जन्मेका दलहरु स्वयंमा लोकतान्त्रिक हुन सकिरहेका छैनन् । ती पार्टीभित्र एकाध गिनेचुने नेताको हालीमुहाली छ । आन्तरिक लोकतन्त्रका दृष्टिले दलहरु निम्छरो अवस्थामा छन् ।

प्रमुख राजनीतिक दलहरुको वर्तमान अवस्था हेरौं त । नेपाली कांग्रेसका महामन्त्री गगन थापा भन्दै छन्, नेतृत्व १२ लाख कांग्रेसका साधारण सदस्यबाट चुनौं । यसो हुन सके कति राम्रो हुन्थ्यो । यो आन्तरिक लोकतन्त्रको उच्चतम अभ्यास हुन सक्थ्यो । तर, के यो कांग्रेसमा सम्भव छ ? जहाँ तोकिएको समयमा महाधिवेशन नै हुने नहुने ठेगान छैन । शेखर कोइराला एक वर्षदेखि एकोहोरो समयमै महाधिवेशन गर्नुपर्ने माग तेर्स्याएर हिँडेका छन् । तर, देउवाले मुख खोलेका

बाँकि ३ पेजमा

## राज्यसत्ताको. . .

छैनन्। उनी आफ्नो तजबिज र राजनीतिक अनुकूलतामा महाधिवेशन घोषणा गर्ने योजनामा छन्।

सत्तारुढ दल एमालेभित्र त झन् आन्तरिक लोकतन्त्र निरीह अवस्थामा छ। एकताका आन्तरिक लोकतन्त्रका हिसाबले यो पार्टीलाई सुदृढ मानिन्थ्यो। ओली अनेक अन्टसन्ट अभिव्यक्ति दिइरहेका हुन्छन् र पनि उनी विरूद्ध कसैले हम्मेसी मुख खोल्ने आँट गर्दैन। दस वर्षयता ओलीको तजबिजमा एमाले चल्दै आएको छ। पछिल्लो केही समययता चाहिँ ओलीलाई चुनौती हुने गरी एकाध प्रश्नहरु उठ्न थालेका छन्।

माओवादीमा जनार्दन शर्माले नेतृत्वमाथि प्रश्न उठाएकोमा प्रताडित हुनुपरेको गुनासो गर्दै छन्। अविच्छिन्न रुपमा माओवादीको नेतृत्वमा प्रचण्डको एकोहोरो हालीमुहाली छ। वैकल्पिक शक्ति भनेर उदाएको राष्ट्रिय स्वतन्त्र पाटी विकल्प बन्न सकेको छैन। उसका प्रयास गतिविधि र अभिव्यक्ति अपरिपक्व र भावावेशबाट निर्देशित देखिन्छन्। दक्षिणपन्थी राजनीतिक शक्ति राप्रपा अर्थहीन राजावादी आन्दोलनको रामनामी ओढेर जीवन खोज्दै छ र समय खेर फालिरहेको छ। गुटबाट निर्देशित हुने, सत्ता अवसरवादबाट प्रेरित हुने प्रवृत्तिका कारण दलहरुको भूमिका लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउनेतर्फ अग्रसर छैनन्। आमवृत्तमा छाएको नैराश्यताको यो अर्को कारण हो।

**नागरिक समाज : अनेक झोलाको भारी**

एउटा समय थियो, जब दलहरु बाटो बिराउन लाग्थे, अग्रगामी राजनीतिक मुद्दा विमुख हुन खोज्थे, त्यो बेला नागरिक समाज अगाडि आउँथ्यो। दलहरुलाई ती मुद्दा बोक्न दबाब सिर्जना गर्थ्यो। कहिले नागरिक समाज र कहिले नागरिक आन्दोलनका नामबाट संगठित तप्काको भूमिका अहिले भए र नभए सरह छ। दोस्रो जनआन्दोलन र त्यसपछि संविधान सभा मार्फत संविधान निर्माणका क्रममा नागरिक समाजले आफ्नो बलियो भूमिका प्रदर्शन गरेको थियो। एक हिसाबले नागरिक आन्दोलनले दलहरुको पहरेदारी नै गर्थे। तर, समयक्रममा नागरिक अगुवाहरुले पनि दल विशेषको झोला बोक्न थालेपछि यसको प्रभाव ओरालो लाग्यो।

नागरिक समाज २०६३ को जनआन्दोलन र त्यसपछि संविधान लेखनका क्रममा बलियो आवाज बनेको थियो। अहिले नागरिक समाजको त्यो आवाज कमजोर भएको छ। हुन त बेला–बेलामा पार्टीहरु सत्तामुखी भए, सुशासन दिन सकेनन् भनेर विभिन्न थरी नागरिक आन्दोलनले सडक प्रदर्शन गर्ने गरेको देखिन्छ तर ती विगतमा जस्तो सुनिँदैनन्। अनेक ट्याग र ब्यागेज बोकेर नागरिक आन्दोलनमा ओर्लेका थरी–थरी प्रवृत्तिका कारण यो एकै र बलियो स्वरको हुन सकेको छैन।

यसरी राज्य सत्ताका यी सबै अवयवहरुको भूमिका कमजोर छ। सबै ध्रूवीकृत छन्। त्यसैले अहिले व्याप्त निराशा र असन्तुष्टिको कारण यी सबैका कमजोर भूमिकाको योगफल नै होला। यति भन्दाभन्दै मूल राजनीतिक नेतृत्व दोषमुक्त हुन पाउँदैन। लोकतान्त्रिक व्यवस्थाले आम जनताको अपेक्षा पूरा गर्दै जुन डेलिभरी दिन सक्नुपर्थ्यो, त्यो नसक्नुमा मुख्य राजनीतिक नेतृत्व सबैभन्दा दोषी छ।

अन्त्यमा, नेपाली राजनीतिको अहिलेको नियति एउटा चिनियाँ लोककथाले बयान गर्छ। जहाँ तीनवटा गोरू एउटा गाडा तान्न खोज्छन् र एक अर्कोको पुच्छरमा चिप्लिएर एकै ठाउँ घुमि रहन्छन्। तीनवटै गोरू गाडा आ–आफ्नो दिशातिर तानिरहँदा त्यो एक इन्च पनि सर्दैन। गोरूहरु एक अर्काको पुच्छरमा चिप्लिन्छन् र गाडा एकै ठाउँमा अलपत्र पर्छ। नेपाली राजनीतिक नेतृत्वको दिशाहीनताका कारण अहिले मुलुकको गणतान्त्रिक सत्ताको नियति उही चिनियाँ लोक कथाको गाडा जस्तै छ। र, यतिबेला अलपत्र गाडा गुडाऊने नेतृत्वको सख्त खाँचो छ। *(लेखक गौतम, कान्तिपुर मिडिया ग्रुप अर्न्तगतको 'साप्ताहिक' र 'नारी' मासिकको सम्पादक भएका राजाराम कान्तिपुरमा समसामयिक बिषयमा लेख्ने गर्छन् ।)*

## बसन्त. . .

यसैगरी शैक्षिक सत्र २०८१ मा बसन्त माध्यामिक विद्यालय प्रथम छात्रा गरिमा मर्साङ्गी, विद्यालय द्धितिय छात्रा सोनिका शाही र विद्यालय तृतिय खुशी मल्ललाई राम मेडिकल दैलेखले नगद पुरस्कार वितरण गरेको छ।

राम मेडिकल दैलेखका संचालक राम थापाले विद्यालय प्रथम छात्रा मर्साङ्गीलाई नगद ३ हजार, विद्यालय द्धितिय छात्रा शाहीलाई २ हजार पाँच सय र विद्यालय तृतिय छात्रा खुशी मल्ललाई २ हजार र प्रमाणपत्र प्रदान गरेका हुन्। संचालक थापाले सामाजिक उत्तरदायित्व अर्न्तगत नगद छात्रवृति प्रदान गरिएको वताए। उनले आफ्नो सानो सहयोगले विद्यार्थीलाई हौसला प्रदान गर्ने वताए।

# पालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

**नौमूलेपोष्ट समाचारदाता**
**दैलेख**

दैलेखको डुङ्गेश्वर गाउँपालिकामा माध्यामिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ। फुलबारी सिकाई केन्द्र डुङ्गेश्वर गाउँपालिका २ को आयोजनामा माध्यामिक विद्यालय तह स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको हो। बिद्यार्थीहरूको बौद्धिक बिकासका लागि सामान्य ज्ञान र पाठ्यक्रमका विषयमा कक्षा ९ र १० कक्षाका विद्यार्थीहरूबीच हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको हो।




जनकल्याण माध्यामिक विद्यालयका प्रध्यानाध्यापक खगेन्द्र शाहीले यस्ता प्रतियोगिताहरुले विद्यार्थीको बाह्य ज्ञान वृद्धि विकासमा सेवा पुग्ने बताए। साथै विद्यार्थीले सिकाइ किताबमा मात्रै सीमित नराखी बाह्य जानकारीहरुमा समेत चासो राख्नुपर्ने उनको भनाई छ। डुङ्गेश्वर गाउँपालिकाका उपाध्यक्ष कलावती न्यौपानेले विद्यार्थीहरुको सिकाइलाई प्रभावकारी बनाउनमा अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहेको बताइन्। साथै यस्ता प्रतियोगिता तथा कार्यक्रमहरु निरन्तर गरिरहने प्रतिवद्धता ब्यक्त गरिन्।

यस्तै सभाध्यक्ष मान बहादुर बिष्टले यस्ता कार्यक्रमहरुले विद्यार्थीहरुको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए। फुलबारी सिकाई केन्द्र डुङ्गेश्वर गाउँपालिका २ को प्रयासको प्रशंसा गरे। प्रतियोगितामा विजेता विद्यालयलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको जनाइएको छ।

प्रयोगितामा तिन वटा विद्यालयको सहभागिता रहेको थियो। प्रतियोगतामा जनकल्याण माध्यामिक विद्यालय सेर्माकोट प्रथम, पिपल चौतारा माध्यामिक विद्यालय डाडापराजुल द्धितिय, त्रिवेणी संगम माध्यामिक विद्यालय चुप्रा तृतिय भएका छन्।

साथै प्राथमिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता समेत सम्पन्न भएको छ। प्राथमिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगितामा जनकल्याण माध्यामिक विद्यालय सेर्माकोट प्रथम, नेरा आधारभूत विद्यालय उम द्धितिय, भैरवदेवि आधारभूत विधालय पैयाचौर तृतीय र भैरव आधारभूत विद्यालय लाकुरी चौथा भएका छन्।

दर्ता नं.: १००२५/०७६/७७ ९८५८०५०३३१, sambridhiagro.sol@gmail.com

समृद्धि एग्रो सोलुशन
SAMBRIDHI AGRO SOLUTION



वीरेन्द्रनगर-६, मंगलगढीचौक सुर्खेत

नेपालीहरुका लागि असल खानपानसम्बन्धी मार्ग दर्शन




१. हरेक दिन विभिन्न थरीका खाने कुराहरु खाने गरौं ।
२. हरेक दिन पर्याप्त मात्रामा फल फूल र हरिया सागसब्जी खाने गरौं ।
३. हरेक दिन दाल र गेडागुडी खाने गरौं ।
४. माछा, मासु वा अण्डा नियमितरुपमा खाने गरौं ।
५. हरेक दिन दुध र दुधजन्य खानेकुरा खाने गरौं ।
६. परम्परागत तथा स्थानीयस्तरमा पाइने पौष्टिक खाना खाने गरौं
७. हरेक दिन ताजा र सफा खाने कुरा खाने गरौं र प्रर्याप्त मात्रामा सफा पानी पिउने गरौं ।
८. नियमित रुपमा शारिरीक व्यायाम गरौं ।
९. शिशुलाई प्रर्याप्त मात्रामा स्तनपान गराऔं ।
१०. शिशु ६ महिना भएपछि स्तनपान को साथसाथै थप खाना खुवाऔं ।
११. गर्भवती र स्तनपान गराउने आमाले थप पोषिला खानेकुरा खाने गरौं ।
१२. बढ्दो उमेरका किशोरकिशोरीहरुले खानपानसम्वन्धी स्वस्थ बानी बसालौं ।
१३. ज्येष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिऔं ।
१४. खाना पकाउँदा तेल वा घिउ थोरै मात्रामा प्रयोग गरौं ।
१५. खानामा नुनको प्रयोग कम मात्रामा गर्ने गरौं तर सधैं आयोडिनयुक्त नुन मात्र प्रयोग गरौं ।
१६. गुलिया र चिल्ला खानेकुरा कम मात्रामा उपभोग गरौं ।
१७. पौष्टिक तत्व कम भएका एवम् बढी गुलिया चिल्ला र नुनिला तयारी खानेकुरा कम मात्रामा खाने गरौं ।
१८. स्वास्थ्यमा हानी पुऱ्याउने खान पानसम्बन्धी अन्धविश्वासबाट सावधान होऔं ।
१९. मदिराजन्य पेय पदार्थ उपभोग नगरौं

स्वास्थ्य सेवा कार्यालय, दैलेख

**शुशिल रेष्टुरेण्ट एण्ड लज**

तपाँई हाम्रो सहर नयाँबजार गणेशचोक दैलेखमा विगत लामो समयदेखि संचालनमा रहेको यस होटलका सुविधाहरू :

- मिठो खानाका साथै आरामदायी वासको व्यवस्था
- खाजा नास्ताका साथै सेकुवा पनि पाइन्छ ।

कतै जानु परेमा गाडि रिर्जवको पनि सुविधा

प्रोप्राईटर : शुशिलकुमार महतरा गणेशचौक, दैलेख
मोबाईल : ९८४८०६२८१९ र ९८०४५९९१२७

**सागर होटल नौमूले बजार**

नौमूले गाउँपालिका १ नौमूले वजारमा रहेको यस सागर होटल पुरानो ठाउँदेखि केहि अगाडि पुल नजिकैको कटेजमा सरको जानकारी गराइन्छ ।

हामिकहाँ स्वादिष्ट खाना, नास्ता, मम, लोकल कुखुराको मासु, चाउमिन, पकौडाका साथै लोहोरे खोलाको आलो ताजा माछा पनि पाइन्छ ।



*नौमूले गाउँपालिका १ नौमूले वजार पुल नजिकै*

प्रोप्राईटर : कर्णबहादुर चन्द
९८१४५११४२३

**सवै सामान एकै छानामुनी**

खानेपानी नजिक मिलनचोकमा रहेको एलिजा स्टोर्समा अव सवै किसिमका सामान एउटै पसलमा उपलब्ध हुने जानकारी गराइन्छ ।

- खाद्यन्न थोक तथा फुटर विक्रि गरिनुका साथै ग्यास सिलिन्डर पाइन्छ ।
- सामान आवश्यक अनुसार घरमै पुऱ्याउने व्यवस्था रहेको जानकारी गराइन्छ ।



*कतै जानु परेमा गाडि रिर्जवको पनि सुविधा छ*

प्रोप्राईटर : यज्ञप्रसाद रेग्मी
०८९-४२०१९७ र ९८५८०५०४९७

# पोषण प्रवर्द्धन सम्वन्धी जनहितकारी सन्देश

- ☐ हरेक दिन पर्याप्त मात्रामा फलफूल र हरिया सागसब्जी खाने बानी बसालौं ।
- ☐ दाल, गेडागुडी, माछा, मासु वा अण्डा नियमित रूपमा खाने गरौं ।
- ☐ हरेक दिन दूध र दूधजन्य पदार्थ खानेकुराहरू सेवन गरौं ।
- ☐ खाना पकाउँदा तेल वा घिउ थोरै मात्रामा प्रयोग गरौं ।
- ☐ खानामा कम मात्रामा सधैं आयोडिनयुक्त नुन मात्र प्रयोग गरौं ।
- ☐ पाक्ने बेलामा मात्र नुनको प्रयोग गरौं, बाफबाट नुन खेर जान नदिउँ ।
- ☐ गुलियो र चिल्लो खानेकुरा कम मात्रामा उपभोग गरौं ।
- ☐ हरेक दिन ताजा र सफा खाना खाने र पर्याप्त मात्रामा सफा पानी पिउने गरौं ।
- ☐ परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टिक खाना खाने गरौं ।
- ☐ पौष्टिक तत्व कम भएका एवंम् बढी गुलियो, चिल्लो र नुनिलो तयारी खानेकुरा कम मात्रामा खाने गरौं ।
- ☐ शिशु ६ महिना पूरा भएपछि स्तनपानको साथसाथै थप पुरक खाना खुवाउने गरौं ।
- ☐ गर्भवती र स्तनपान गराउने आमाले थप पोषिलो खानेकुरा खाने गरौं ।
- ☐ हरेक बार खाना चार खाने गरौं ।
- ☐ बढ्दो उमेरका किशोर किशोरीहरूले खानपान सम्बन्धी स्वस्थ बानी बसाल्ने गरौं ।
- ☐ ज्येष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिने गरौं ।



कर्णाली प्रदेश सरकार
**स्वास्थ्य सेवा कार्यालय**
दैलेख

## ‘निकृष्ट प्रकारका बालश्रम रोक्नु हामी सबैको दायित्व हो’

बालश्रम ( निषेध र नियमित गर्ने ) ऐन २०५६ अनुसार १४ बर्ष उमेर पूरा नगरेको बालकलाई श्रमिकको रूपमा काम लगाउनु तथा जोखिमपूर्ण काममा लगाउनु हुदैन ।

### जोखिमपूर्ण काम भनेका:

१. पर्यटन, आवास, होटेल, जुवाघर, रेष्टुरा, बार, पब, रिसोर्ट, पर्यटन सम्बन्धि व्यबसायहरू ।
२. कार्यशाला, प्रयोगशाला, पशू बधशाला, सीत भण्डार, आदि सेवामूलक व्यबसायहरू ।
३. सार्वजनिक परिवहन र निर्माण व्यबसायहरू ।
४. रिक्सा वा ठेलागाडा ।
५. कटिङ्ग मेसिन जस्ता कार्यहरू ।
६. कोईला, प्राकृतिक तेल वा ग्याँस, बायोग्याँस, आदि प्रसारण वा वितरणसँग संबन्धित कार्यहरू ।
७. चुरोट, बिँडी बनाउने, गलैंचा बुन्ने तथा रङ्गाउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने, आदि ।
८. आगजन्य पदार्थहरूको उत्पादन ।
९. खानि खनिज पदार्थ, प्राकृतिक तेल, वा ग्याँसको उत्खनन्, प्रशोधन तथा वितरणसँग संबन्धित कार्यहरू ।
१०. जमिनमुनि, पानीमुनि र धेरै उचाईमा चढेर गर्नुपर्ने कार्यहरू ।
११. रासायनिक पदार्थहरूसँग सम्पर्क हुने कार्यहरू ।

### बालश्रमिक राखेमा कानून बमोजिम हुने सजाय :

- १४ बर्षमुनिका बालबालिकाहरूलाई काम लगाएमा ३ महिना सम्म कैद र १० हजार रुपैयाँ सम्म जरिवाना वा दुबै सजाय हुन्छ ।
- कसैले कुनै पनि बालबालिकाहरूलाई जोखिमपूर्ण काममा लगाएमा १ बर्ष सम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुन्छ ।

बालश्रम कानूनी एवं सामाजिक अपराध हो ।
त्यसैले सभ्य नागरिकको पहिचान दिउँ, समयमा नै सचेत होउँ ।

सोसेक नेपाल
SOSEC Nepal

## जनहितमा जारी सन्देश !

“रासायनिक विषादीका नकारात्मक असरहरूबारे सचेत रहौं,
मानव स्वास्थ्य र वातावरणलाई बचाऔं”

- रासायनिक विषादीको प्रयोगबाट मानव स्वास्थ्यमा तत्कालिन र दिर्घकालीन असर देखा पर्ने हुन्छ ।

### मानव स्वास्थ्यमा तत्काल देखिन सक्ने असरहरू

टाउको दुख्नु, रिंगटा लाग्नु, वाकवाकी लाग्नु, छाती दुख्नु, पेट बटारिनु, पखाला लाग्नु, अनिन्द्रा, छाला फुट्नु वा चिलाउनु, फोका आउनु, आँखा रातो हुनु वा पोल्नु, आँशु बग्नु, सिगान बगिरहनु, शरीर झमझमाउनु वा पोल्नु आदि ।

### मानव स्वास्थ्यमा देखिने दिर्घकालिन असरहरू

एलर्जी, पक्षघात, प्रजनन् क्षमतामा कमी, बाझोपन वा नपुशंकता, स्वास प्रश्वास सम्बन्धी दीर्घ रोगहरू, कलेजो सम्बन्धी समस्या, मानसिक असन्तुलन, वंशानुगत परिवर्तन, क्यान्सर, अस्वस्थ बच्चाको जन्म हुने आदि ।

### वातावरणमा देखिने नकारात्मक असरहरू

- उपयोगी मित्रजीव तथा फाइदाजनक जीवहरूको विनाश ।
- खाद्य चक्र (Food cycle) प्रणाली र कृषि पारिस्थितिकीय प्रणालीमा असन्तुलन ।
- माटो, हावा, पानी लगायत बोट बिरूवा प्रदुषित बनाउने ।
- माटोको उर्वराशक्ति र जैविक विविधताको ह्रास गराउने आदी ।

कर्णाली प्रदेश सरकार
**कृषि विकास कार्यालय**
दैलेख

## सरसफाई सम्बन्धी जनहितमा जारी सन्देश

पढौ, सोचौं तथा व्यवहारमा अबलम्बन गरी असल नागरिकको परिचय दिऔं.

**साबुन पानीले अनिवार्य रूपमा हातधुने बानी बसालौं ।**

- ☐ चर्पीको प्रयोगपछि
- ☐ खाना बनाउनु, पस्कुन र खुवाउनु अघि
- ☐ कुनै फोहोर कुरा/विषादी छोएपछि
- ☐ बिरामी तथा बच्चाको स्याहार गर्न अघि र पछि

**स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔं, असल नागरिक बनौं**

- ☐ खानेपानीको मुहान, स्रोत धारा संरक्षण तथा सफा राखौं
- ☐ खुल्ला स्थानमा दिसा, पिसाब नगरौं
- ☐ घर-आगन उद्यान, बाटो लगायत सार्वजनिक स्थान सफा राखौं
- ☐ फोहोरमैलाको उचित व्यवस्थापन गरौं

**स्वच्छ, सफा पिउने पानीको मात्र प्रयोग गरौं**

- ☐ शुद्धिकरण गरेको पानी मात्र पिउने गरौं
- ☐ शुद्धिकरण गर्ने चार घरेलु उपायहरु (उमालेर, फिल्टर गरेर, क्लोरिन हालेर, सोडिस गरेर
- ☐ शुद्ध पिउने पानी प्रयोग गरी झाडापखाला, आउँ, रगतमासी, हैंजा, जुका, म्यादेज्वरो आदी जस्ता रोगबाट बचौं

**खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय**
दैलेख


## होटल नमस्ते नौमूले

तपाई हाम्रै नौमूले वजारमा ग्राहकहरूको मागलाई मध्यनजर गर्दै सुविधा सम्पन्न होटल नमस्ते संचालनमा आएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रा सेवाहरू :

- विभिन्न किसिमका नास्ता खाना ।
- टि.भी सहितको एटेज कोठा ।
- १०० जना क्षमताको हल ।
- गाडी पार्किङ्को सुविधा ।
- वाई फाईको सुविधा ।
- चौबीसै घण्टा पानी र वत्तीको सुविधा ।



होटल नमस्ते नौमूले बजार दैलेख
सम्पर्क : ९८०९८९१७९०

## वर्षौंवर्ष देखि तपाँईहरूको सेवामा समर्पित

## भैरहवा सुनचाँदी पसल



हाम्रा विशेषताहरू–:
“विश्वास तपाईको ग्यारेण्टी हाम्रो”
“एक पटक सेवा गर्ने मौका दिनुहोस”

१) सम्पूर्ण ग्राहकवर्गहरूलाई मनपर्ने काँचो १ न. सुनको जस्तोसुकै विभिन्न डिजाइनका गरगहनाहरू उपलब्ध गराउनुका साथै थोक एवम् फुटकर विक्री गरिन्छ ।
२) हामीकहाँ बनाइएका तथा खरिद गरेका गहना ग्राहकको चाहना अनुसार ग्राहकलाई आवश्यक परेमा सहयोग गरिन्छ ।
३) ग्यारेन्टीको साथ रसायन नहालेर गहना निर्माण गर्नुको साथै पुराना गहनासँग नयाँ गहना नियमअनुसार साटिन्छ ।

प्रत्येक महिनाको १० गते र महिनाको अन्तिम शनिबार पसल वन्द हुनेछ ।

प्रो: कुलवहादुर वि.क फोन ०८९-४१००४२ पुरानो वजार, दैलेख

## नौमूले स्टेशनरी एण्ड अर्डर सप्लायर्स

सवै स्टेशनरी समान एकै छानामूनी
नौमूले गाउँपालिका १ नौमूले वजार पुलचोक नजिकै दैलेख

- प्रमाण-पत्र, फोटो, न्याज, न्यानर रंगिन प्रिन्ट गरिनुका साथै फोटोकपी गरिन्छ ।
- लाइलन छाप, विल, लेटरप्याड, नगदी रसिद छपाइनुका साथै कक्षा १ देखि १२ कक्षा सम्मका पाठ्यपुस्तक, गाइड गेसपेपर, सरकारी तथा ग़ैर सरकारी कार्यालय प्रयोजनका सामाग्रीहरू पाइन्छ ।

ROBINI MULTIPLE EDUCATION & TUTION CENTRE

कक्षा १ देखि १२ कक्षा सम्मका सवै विषयहरूको ट्यूसन कक्षाहरू सञ्चालनका साथै कम्प्यूटर वेसिक, डिप्लोमा तथा अफिस प्याकेज कोर्ष

प्रो. : शशिराम विश्वकर्मा ९८१६५०७५७७ र ९८०४५३१८४४

रेडियो मातृभूमी ९६.५ मेगाहर्ज एफ.एम.
नेपाली माटोको आवाज...
matribhumifm | mccnepal25@gmail.com | www.mccnepal.com.np
सबैतिर एकैसाथ
हाम्रो पात्रो | नेपाली पात्रो
नारायण नगरपालिका, जनकचोक, दैलेख
सम्पर्क: ०८९-५९०४२०, ४३०


मातृभूमी संचार केन्द्र नेपाल प्रा.लि.द्धारा प्रकाशित नौमूलेपोष्ट साप्ताहिकका लागि, प्रकाशक: महेन्द्र सापकोटा, सम्पादक: विक्रम हमाल, अतिथी सम्पादक: चक्रपाणि लामिछाने, समाचारदाता : कमल प्रसाद जैसी, रोशन थापा, वसन्त सारु मगर, अस्मित सिजापति वजार प्रतिनिधी : तिलबहादुर सिजाली, कार्यालय: नौमूले गाउँपालिका १ दैलेख, सम्पर्क कार्यालय : मातृभूमी विजनेश प्लाजा जनकचोक दैलेख
इमेल : naumoole.post73@gmail.com, sapkotamahendra83@gmail.com, सम्पर्क फोन : ०८९-५९०४२०, मो. ९८५८०७७४३० मुद्रण : सक्षम अफसेट प्रेस दैलेख फोन : ०८९-४२०४०३